**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०८ मई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्री प्रह्लाद जोशीले देशको सरकारी अन्न भण्डार ६ सय ४ लाख भन्दा अधिक भएको बताउनु भएको छ ।

- भियतनामका राष्ट्रपति तो लामले बदलिँदो विश्वव्यापी व्यवस्थामा भारत र भियतनामसँग विश्वव्यापी आपूर्ति शृङ्खलामा प्रमुख भूमिका खेल्ने महत्वपूर्ण अवसर रहेको बताउनु भएको छ।

- कौशल विकास तथा उद्यमशीलता मन्त्रालयको प्रशिक्षण महानिर्देशनालयले आज कानपुरस्थित राष्ट्रिय कौशल प्रशिक्षण संस्थानमा उद्योग परामर्श बैठक आयोजना गर्दैछ।

- पश्चिम बंगालका राज्यपाल आर.एन. रविले पश्चिम बंगालको विधानसभा विघटन गर्नु भएको छ।

- विदेश सचिव विक्रम मिश्रीले हिजो अबुधाबीमा भारत, फ्रान्स र संयुक्त अरब इमिरेट्स बीचको त्रिपक्षीय बैठकमा भाग लिनु भयो।

**जोशी -अन्न भण्डार**

उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्री प्रह्लाद जोशीले देशको सरकारी अन्न भण्डार ६ सय ४ लाख भन्दा अधिक भएको बताउनु भएको छ । यो परिमाण बफर स्टक वा आपतकालीन समयमा आवश्यक पर्ने परिमाणको लगभग तीन गुणा हो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री जोशीले गहुँ र चामलको सुरक्षित स्टकले देशमा कल्याणकारी योजनाहरू र सार्वजनिक वितरण प्रणालीको लागि निर्बाध आपूर्ति सुनिश्चित गरिरहेको बताउनु भयो। उहाँले बलियो खरिद, राम्रो बाली र किसानहरूलाई पर्याप्त सहयोगले खाद्य सुरक्षा, किसानको कल्याण र सुरक्षित भविष्यप्रति देशको प्रतिबद्धतालाई बलियो बनाइरहेको बताउनु भयो। उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतको खाद्य सुरक्षा निरन्तर बढिरहेको बताउनु भएको छ।

**भियतनाम- राष्ट्रपति**

`भियतनामका राष्ट्रपति तो लामले बदलिँदो विश्वव्यापी व्यवस्थामा भारत र भियतनामसँग विश्वव्यापी आपूर्ति शृङ्खलामा प्रमुख भूमिका खेल्ने महत्वपूर्ण अवसर रहेको बताउनु भएको छ। मुम्बईमा भारत-भियतनाम व्यापार मञ्चलाई सम्बोधन गर्नु हुँदै श्री लामले भन्नु भये, विगतमा दुई देशले पारस्परिक सहयोगमा धेरै चुनौतीहरूको सामना गरेका छन्। उहाँले भारतीय कम्पनीहरूलाई भियतनाममा लगानी गर्न आमन्त्रित गर्नु भयो।
भियतनामी राष्ट्रपतिले भन्नु भयो, दुई देशबीचको सम्बन्ध पूर्व भियतनामी राष्ट्रपति हो ची मिन्ह र पूर्व भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू जस्ता नेताहरूको दृष्टिकोणमा आधारित छ। २०१६ देखि, यी सम्बन्धहरू नयाँ उचाइमा पुगेका छन्।
यस अवसरमा महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडनवीसले भारत र भियतनामको प्रविधि र निर्माण क्षेत्रका उद्यमी, लगानीकर्ता र पेशेवरहरूले एसियाको भविष्यलाई आकार दिने बताउनु भयो।

**गोयल- बैठक**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले हिज नयाँ दिल्लीमा वाणिज्य विभाग र उद्योग तथा आन्तरिक व्यापार प्रवर्द्धन विभागका अधिकारीहरूसँग बैठक गर्नु भयो। श्री गोयलले सामाजिक सञ्जाल पोस्टमा भन्नु भयो, बैठकमा निर्यात र लगानी बढाउने, नयाँ निर्यातकर्ताहरूका लागि अवसरहरू सिर्जना गर्ने र विश्वव्यापी बजारहरूमा नयाँ सम्भावनाहरू अन्वेषण गर्ने बारेमा छलफल गरिएको थियो। बैठकले भारतीय व्यवसायहरूको लागि विश्वव्यापी मान्यता प्राप्त गर्ने, निर्यात प्रवर्द्धनलाई सुदृढ पार्ने र देशभरका उद्योगहरूको सहभागिता बढाउने उपायहरूमाथि पनि विचार गरेको थियो।

**कौशल विकास-परामर्श**

कौशल विकास तथा उद्यमशीलता मन्त्रालयको प्रशिक्षण महानिर्देशनालयले आज कानपुरस्थित राष्ट्रिय कौशल प्रशिक्षण संस्थानमा उद्योग परामर्श बैठक आयोजना गर्दैछ। मन्त्रालयले यो बैठक विश्वव्यापी रूपमा प्रतिस्पर्धी भारतीय कौशल प्रणालीको लागि महत्त्वपूर्ण हुने बताएको छ। ३० भन्दा बढी उद्योग नेताहरू, सीईओहरू र नीति विज्ञहरूले राष्ट्रिय उत्कृष्टता केन्द्रको स्थापनाको बारेमा छलफल गर्नेछन्। मन्त्रालयले प्रस्तावित उत्कृष्टता केन्द्रको रूपरेखा, भूमिका र जिम्मेवारीहरू परिभाषित गर्ने कुरामा छलफल केन्द्रित हुने बताएको छ।

**समझौता ज्ञापन - इंडिया एआई**

स्वास्थ्य सेवामा आर्टिफिसियल इन्टेलिजेन्स अपनाउने कार्यलाई तीव्र बनाउन भारत एआई र भारतीय चिकित्सा अनुसन्धान परिषद्ले नयाँ दिल्लीमा एक सम्झौता पत्रमा हस्ताक्षर गरेको छ। इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्रालयले यो सम्झौता पत्रमा कृत्रिम बुद्धिमत्ताको जिम्मेवार र व्यापक प्रयोग मार्फत स्वास्थ्य सेवा सुधार गर्ने दिशामा एक महत्वपूर्ण कदम भएको बताएको छ। मन्त्रालयले यस सहकार्य अन्तर्गत, दुबै संस्थाहरूले कृत्रिम बुद्धिमत्ता समाधानका साथै परिषद्को चिकित्सा अनुसन्धान विशेषज्ञताको लागि आफ्नो क्षमताको उपयोग गर्ने बताएको छ।

**बंगाल- राज्यपाल**

पश्चिम बंगालका राज्यपाल आर.एन. रविले पश्चिम बंगालको विधानसभा विघटन गर्नु भएको छ। यसैबीच गृहमन्त्री अमित शाह आज कोलकता जानु हुनेछ अनि भारतीय जनता पार्टीका नव निर्वाचित विधायकहरूसँग एक बैठक गर्नु हुनेछ। बैठक अवधि पार्टीका विधायक दलका नेताको चयन गरिनेछ।

BYTE

**आकाशवाणी- म्यारथन**

आकाशवाणी स्थापनाको ९० औं वार्षिकोत्सवको उपलक्ष्यमा आज बिहान राजधानी दिल्लीमा म्याराथनको आयोजना गरिन्दैछ। यो लगभग साढे तीन किलोमिटरको दौड आकाशवाणी भवनबाट सुरु भएर, कृषि भवन, रेल भवन र रिजर्भ ब्याङ्क भवन हुँदै आकाशवाणीमा समापन हुनेछ। आकाशवाणी अनि दूरदर्शन सहित प्रसार भारतीमा कार्यरत सभी कर्मचारी अनि उनीहरूको परिवारका सदस्यले म्यारथनमा भाग लिन सक्नेछन्। "बहुजन हिताय बहुजन सुखाय" भन्ने आदर्श वाक्यका साथ १९३६ मा स्थापित, आकाशवाणी देशको सबैभन्दा विश्वसनीय प्रसारण माध्यम हो, जसले विभिन्न भाषाहरूमा समाचार बुलेटिनहरू, साथै संगीत, मनोरञ्जन र जन कल्याणकारी कार्यक्रमहरू प्रसारण गर्दछ। यो म्याराथन आयोजना गरेर, आकाशवाणीले आफ्नो गौरवशाली संस्कृति र पहिचानको उत्सव मात्र मनाउँदैन, तर स्वास्थ्य, जीवन्तता, एकता र जनसम्पर्कको सन्देश पनि फैलाइरहेको छ।

**भारत त्रिपक्षीय बैठक**

विदेश सचिव विक्रम मिश्रीले हिजो अबुधाबीमा भारत, फ्रान्स र संयुक्त अरब इमिरेट्स बीचको त्रिपक्षीय बैठकमा भाग लिनु भयो। बैठकमा युएईका अन्तर्राष्ट्रिय सहयोग राज्यमन्त्री रीम अल हाशेमी र फ्रान्सका विदेश मामिला महासचिव मार्टिन ब्रायन्स उपस्थित हुनुहुन्थ्यो। विदेश मन्त्रालयले तीन देशहरूले स्पष्ट समयसीमा भित्र साझेदारीलाई सुदृढ पार्न कार्य योजनामा सहमति जनाएको बताएको छ। भ्रमणको क्रममा, श्री मिश्रीले लगानी सहयोगको सम्बन्धमा युएई लगानी कम्पनीका प्रबन्ध

निर्देशक र प्रमुख कार्यकारी अधिकारीसँग पनि भेटघाट गर्नुभएको छ। विदेश मन्त्रालयले भारत र संयुक्त अरब इमिरेट्सले जनवरीमा राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानको अनि फरवरीमा अबुधाबीका युवराज शेख खालिद बिन मोहम्मद बिन जायद अल नाह्यानको भारत भ्रमणका क्रममा भएको प्रगतिको पनि समीक्षा गरेको बताएको छ।

**भारत - फ्रान्स**

भारत र फ्रान्सले विज्ञान, प्रविधि र अन्तरिक्षमा द्विपक्षीय सहयोगको विस्तारित दायराको समीक्षा गरेको छ। केन्द्रीय विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले फ्रान्सका उच्च शिक्षा, अनुसन्धान र अन्तरिक्ष मन्त्री प्रोफेसर फिलिप ब्याप्टिस्टसँग भर्चुअल द्विपक्षीय बैठक गर्नु भयो। डा. सिंहले विज्ञान र अन्तरिक्षमा भारत-फ्रान्स साझेदारी द्विपक्षीय सम्बन्धको बलियो स्तम्भ भएको बताउनु भयो। उहाँले यो साझेदारीले प्राविधिक विकासलाई बढावा दिएको छ र जनता-जनताबीचको सम्बन्धलाई पनि गहिरो बनाएको बताउनु भयो। डा. सिंहले २०२६ लाई भारत-फ्रान्स नवप्रवर्तन वर्ष घोषणा गरिएको उल्लेख गर्नु भयो, जसले उदीयमान क्षेत्रहरूमा सहयोग बढाउन महत्त्वपूर्ण अवसर प्रदान गर्नेछ। अन्तरिक्ष सहयोगको सन्दर्भमा, डा. सिंहले भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) र फ्रान्सेली राष्ट्रिय अन्तरिक्ष अध्ययन केन्द्र बीचको लामो समयदेखिको सहकार्य, जसमा संयुक्त उपग्रह अभियानहरू पनि समावेश रहेको उल्लेख गर्नु भयो। डा. सिंहले भारतीय नक्षत्रको लागि नेभिगेसन ग्राउन्ड स्टेशनको विकासमा फ्रान्समा भएको सहकार्यको उल्लेख गर्नु भयो र भारतको गगनयान अभियानको लागि फ्रान्सको समर्थनलाई स्वीकार गर्नु भयो। डा. सिंहले भारतको गहिरो महासागर अभियान र यसको व्यापक तटरेखालाई महासागर-सम्बन्धित साझेदारीलाई अगाडि बढाउन प्रमुख शक्तिको रूपमा पनि प्रकाश पार्नु भयो।

फ्रान्सेली मन्त्रीले भारतलाई अन्तरिक्ष र अनुसन्धान सहयोगमा एक प्रमुख र भरपर्दो साझेदारको रूपमा वर्णन गर्नु भयो। उहाँले यस वर्ष सेप्टेम्बरमा पेरिसमा आयोजना हुने अन्तर्राष्ट्रिय अन्तरिक्ष शिखर सम्मेलनमा सक्रिय रूपमा भाग लिन भारतलाई आमन्त्रित पनि गर्नु भयो र अन्तरिक्ष-सम्बन्धित छलफलहरूको लागि एक समन्वित विश्वव्यापी प्लेटफर्म सिर्जना गर्ने उद्देश्यले बेंगलुरु अन्तरिक्ष सम्मेलनसँग भारतको समन्वयको सुझाव दिनु भयो।

यसैबीच अन्तरिक्ष विभागले भनेको छ, संवादले भारत-फ्रान्स दीर्घकालीन रणनीतिक साझेदारीको गहिराइलाई प्रतिबिम्बित गर्दछ। दुवै पक्षले दीर्घकालीन वैज्ञानिक सहयोग कायम राख्न र विभिन्न संस्थाहरूमा अनुसन्धान साझेदारीलाई प्रवर्द्धन गर्न भारत-फ्रान्स उन्नत अनुसन्धान प्रवर्द्धन केन्द्रको महत्त्वपूर्ण भूमिकालाई पनि स्वीकार गरे।

**अमरीका-पश्चिम एशिया**

साउदी अरबले आफ्नो सैन्य ठेगाना अनि वायु क्षेत्रसम्म अमेरिकी सेनाको पहुँचमा रोक लगाएको छ। जसले गर्दा राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुजको जलडमरूमा जहाजहरूको निगरानी गर्ने आफ्नो योजना त्याग्न बाध्य भएका छन्। दुई अमेरिकी अधिकारीहरूले यो समाचारको पुष्टि गरेका छन्। साउदी अरबको यो कदमले खाडी देशहरू सम्बन्धी अमेरिकी रणनीतिमा धक्का पुऱ्याएको छ।

**नेपाल- मुख्य न्यायाधीश**

नेपालको संवैधानिक परिषद्ले सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदका लागि डा. मनोज कुमार शर्मालाई सिफारिस गरेको छ। न्यायपरिषद्ले पेश गरेका 6 जना उम्मेदवारमध्ये डा. शर्मा वरिष्ठतामा चौथो स्थानमा हुनुहुन्छ। बैठकको अध्यक्षता प्रधानमन्त्री बालेन्द्र शाहले गर्नु भएको थियो। विगतमा, सामान्यतया वरिष्ठताको आधारमा प्रधानन्यायाधीश सिफारिस गरिन्थ्यो, तर यस पटक, वरिष्ठतालाई बाइपास गर्दै डा. शर्माको नाम अगाडि सारिएको थियो।